सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २७६ ♦ २०८३ साल असार ६ शनिवार ♦ 20 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## बर्दिबासमा २० वर्ष पुगेपछि विवाह गर्ने छोरीलाई ५१ हजार रुपैयाँ प्रोत्साहन



**खबर दर्पण समाचारदाता**

**असार ५ गते, बर्दिवास**

महोत्तरीको बर्दिबास नगर पालिकाले बालविवाह न्यूनीकरण तथा कानुनी उमेरमा विवाह गर्न प्रोत्साहन गर्ने उद्देश्यले नयाँ कार्यक्रम घोषणा गरेको छ । अब २० वर्ष उमेर पूरा गरेर विवाह गर्ने नगर क्षेत्रका छोरीहरूले ५१ हजार रुपैयाँ नगद प्रोत्साहन प्राप्त गर्ने भएका छन् ।

नगरपालिकाको १८औं नगर सभामा आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत नीति तथा कार्यक्रम तथा बजेटमार्फत उक्त व्यवस्था सार्वजनिक गरिएको हो ।

नगरप्रमुख प्रल्हादकुमार क्षेत्रीका अनुसार आगामी आर्थिक वर्षदेखि लागू हुने यो कार्यक्रमले बालविवाह निरुत्साहित गर्न र कानुनी उमेरपछि मात्र विवाह गर्नुपर्छ भन्ने सामाजिक सन्देश प्रवाह गर्न मद्दत पुग्ने विश्वास गरिएको छ ।

नगरप्रमुख क्षेत्रीले नगरसभामा घोषणा गरिएको यो व्यवस्थालाई स्थानीयवासी तथा विभिन्न सामाजिक क्षेत्रबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको बताए । उनका अनुसार प्रोत्साहन कार्यक्रमले किशोरी तथा अभिभावक दुवैमा विवाहसम्बन्धी कानुनी सचेतना बढाउने विश्वास लिइएको छ ।

यसअघि नगरपालिकाले मुसहर समुदायलाई लक्षित गर्दै २०८० चैतमा उमेर पुगेपछि विवाह गर्ने जोडीलाई ५० हजार रुपैयाँ प्रोत्साहन दिने कार्यक्रम सुरु गरेको थियो । तर, हालसम्म एक जोडीले मात्र उक्त सुविधा प्राप्त गरेको नगरपालिकाको अभिलेखले देखाएको छ ।

स्थानीय सामाजिक तथा राजनीतिक कार्यकर्ता देवनारायण महतोका अनुसार मुसहर समुदायमा बालविवाह अझै चुनौतीका रूपमा रहेकाले प्रोत्साहन कार्यक्रमको प्रभावकारिता बढाउन थप जनचेतनामूलक अभियान आवश्यक छ ।

बर्दिबास नगरपालिकाका १४ वडामध्ये १३ वडा बालविवाहमुक्त घोषणा भइसकेका छन् भने वडा नं. १२ मात्र बालविवाहमुक्त घोषणा हुन बाँकी रहेको छ । नगर पालिकाले ल्याएको नयाँ प्रोत्साहन योजनाले बाँकी क्षेत्रमा पनि बालविवाह अन्त्य गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

नगरपालिकाले स्पष्ट पारेअनुसार आम समुदायका छोरीहरूका लागि ५१ हजार रुपैयाँ प्रोत्साहनको व्यवस्था गरिए पनि मुसहर समुदायका पुरुष र महिला दुवैलाई प्रोत्साहन दिने पुरानो व्यवस्था यथावत् रहनेछ । बालविवाहका घटना बढी देखिने समुदायमा विशेष कार्यक्रममार्फत सामाजिक सुधारको प्रयासलाई निरन्तरता दिइने नगरपालिकाको भनाइ छ ।

महिला अधिकारकर्मी तथा सामाजिक अगुवाहरूले नगर पालिकाको यो निर्णयलाई बालविवाह नियन्त्रण, महिला सशक्तीकरण तथा सामाजिक रूपान्तरणतर्फको सकारात्मक कदमका रूपमा स्वागत गरेका छन् ।

## सोनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतविरुद्ध मुद्दा

**खबर दर्पण समाचारदाता**

**असार ५ गते, बर्दिवास**

महोत्तरीको सोनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवविरुद्ध घुस लिएको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सडक ढलान योजनाको भुक्तानी प्रक्रिया अघि बढाइदिने भन्दै सेवाग्राहीसँग ७२ हजार रुपैयाँ घुस लिएको आरोपमा यादवविरुद्ध शुक्रबार विशेष अदालतमा आरोपपत्र दायर गरेको जनाएको छ ।

आयोगका अनुसार योजनाको भुक्तानीसम्बन्धी काम सम्पन्न गराइदिने नाममा सेवाग्राहीसँग रकम मागिएको सूचनाका आधारमा खटिएको अख्तियारको बर्दिवासस्थित टोलीले यादवलाई ७२ हजार रुपैयाँ घुस रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

घटनापछि आयोगले विस्तृत अनुसन्धान अघि बढाएको थियो । अनुसन्धानबाट घुस लेनदेन भएको पुष्टि भएपछि भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम बिगो ७२ हजार रुपैयाँ कायम गरी सोही बराबर जरिवाना तथा कैद सजायको मागदाबीसहित विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

स्थानीय तहमा विकास निर्माण योजनाको कार्यान्वयन तथा भुक्तानी प्रक्रियामा हुने अनियमितताामाथि निगरानी बढाइरहेको अख्तियारले पछिल्लो समय घुस तथा भ्रष्टाचार सम्बन्धी उजुरीका आधारमा कारबाहीलाई तीव्रता दिएको छ ।

## बर्दिवासको चुरे क्षेत्रमा हिंस्रक वन्यजन्तुको त्रास बढ्यो

**खबर दर्पण समाचारदाता**

**असार ५ गते, बर्दिवास**



महोत्तरीको बर्दिबास नगर पालिकाको चुरे क्षेत्र तथा आसपासका बस्तीहरूमा हिंस्रक वन्यजन्तुको आक्रमण बढ्दै गएपछि स्थानीयवासी त्रसित बनेका छन्। वन क्षेत्र नजिकका बस्तीमा रातको समयमा गोठभित्रै पसेर पशुचौपाया मार्ने घटना दोहोरिन थालेपछि सर्वसाधारणमा असुरक्षाको भावना बढेको हो।


पछिल्लो घटना बर्दिबास नगर पालिका-३ पाटुडाँडास्थित दमार टोलमा भएको छ। स्थानीय रुपमाया खड्काको घरको खोर भित्र प्रवेश गरेको वन्यजन्तुले देवाली पूजाका लागि राखिएको करिब आठ धार्नी तौलको बोको मारेको पीडित परिवारले जनाएको छ। त्यस्तै, ब्याउने अवस्थामा रहेको अर्को

*बाँकी पृष्ठ २ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, [illegible]तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# बालविकास शिक्षकका लागि पाँचदिने तालिम



**खबर दर्पण समाचारदाता**
**असार ५ गते, बर्दिवास**

प्रारम्भिक बालशिक्षालाई थप प्रभावकारी, सिर्जनात्मक र बालमैत्री बनाउने उद्देश्यले महोत्तरीको जलेश्वरमा बालविकास शिक्षकहरूका लागि पाँचदिने आधारभूत तालिम सुरु भएको छ ।

रतौली युवा क्लबको आयोजनामा सञ्चालन भएको तालिममा मनराशिसवा नगर पालिका र बलवा नगर पालिकाका बालविकास केन्द्रमा हालै नियुक्त १६ जना शिक्षक सहभागी भएका छन् । सहभागीमध्ये १५ जना मनराशिसवा नगरपालिकाका तथा एक जना बलवा नगर पालिकाका शिक्षक रहेका छन् ।

आयोजकका अनुसार तालिमको मुख्य उद्देश्य बालबालिकालाई खेल, कथा, गीत, कविता तथा अन्य सिर्जनात्मक विधिमार्फत सिकाइप्रति आकर्षित गर्दै प्रारम्भिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु हो ।

रतौली युवा क्लबका शिक्षा अधिकृत शिवशंकर चौधरीले बालबालिकाको सिकाइ यात्राको आधार बालविकास कक्षाबाट सुरु हुने भएकाले शिक्षकहरूको क्षमता विकासमा विशेष ध्यान दिन आवश्यक रहेको बताए । उनले तालिममार्फत नयाँ शिक्षकहरूलाई बालमैत्री शिक्षण विधि, कक्षा व्यवस्थापन तथा बालबालिकाका मनोविज्ञानअनुसार सिकाइ सहजीकरणका व्यावहारिक पक्षबारे प्रशिक्षण दिइने जानकारी दिए ।

तालिम उद्घाटन कार्यक्रममा मनराशिसवा नगरपालिकाका शिक्षा प्रमुख जयशंकर मण्डलले प्रारम्भिक बालशिक्षा बालबालिकाको भविष्य निर्माणको महत्वपूर्ण आधार भएकाले शिक्षकको भूमिका अत्यन्त संवेदनशील र जिम्मेवार हुने बताए । उनले बालबालिकालाई विद्यालयप्रति आकर्षित गर्न र सिकाइलाई रमाइलो बनाउन शिक्षकमा आवश्यक सीप र सिर्जनशीलता हुनुपर्नेमा जोड दिए ।

सेभ द चिल्ड्रेनको एसडीएफ परियोजनाअन्तर्गत परियोजना संयोजक असबीर सारुले प्रारम्भिक बालविकास शिक्षाले बालबालिकामा शिक्षाप्रतिको रुचि जगाउने तथा सिकाइको बलियो आधार तयार गर्ने भएकाले यस क्षेत्रमा कार्यरत शिक्षकको क्षमता अभिवृद्धि अपरिहार्य रहेको बताए । उनले पाठ्यक्रमअनुसार खेलकुद, कथा, गीत तथा कवितामार्फत सिकाइलाई सहज र प्रभावकारी बनाउने विषयमा विशेष प्रशिक्षण प्रदान गरिने जानकारी दिए ।

पाँच दिनसम्म सञ्चालन हुने तालिममा बालविकासको अवधारणा, बालविकासका विभिन्न आयाम, प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, बालमैत्री शिक्षण विधि, सिकाइ सामग्रीको प्रयोग र कक्षा व्यवस्थापनलगायत विषयमा प्रशिक्षण, छलफल तथा अन्तरक्रिया गरिनेछ ।

सेभ द चिल्ड्रेनको आर्थिक सहयोग तथा मनराशिसवा र बलवा नगरपालिकाको समन्वयमा सञ्चालन भइरहेको तालिमको सहजीकरण कल्पना साह, कञ्चन साह र गोविन्दलाल कर्णले गरिरहेका छन् भने कार्यक्रमको अनुगमन सोनु कुमार साहले गरिरहेका छन् ।

# कक्षा १२ को नतिजा सार्वजनिक

**खबर दर्पण समाचारदाता**
**असार ५ गते, बर्दिवास**




राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को नतिजा प्रकाशन गरेको छ। शुक्रबार बिहान बसेको बोर्ड बैठकले नतिजा प्रकाशित गरेको हो ।

नियमिततर्फ ३ लाख ३२ हजार २४१ विद्यार्थी सहभागी भएकोमा सबै विषयमा ग्रेड प्राप्त गर्ने २ लाख ३१ हजार ७७० रहेका छन् ।

त्यस्तै कुल ४ लाख १८ हजार १७० विद्यार्थी सहभागी भएकोमा २ लाख ६८ हजार १९० विद्यार्थीले सबै विषयमा ग्रेड पाएको बोर्डले जनाएको छ । त्यस्तै आंशिकतर्फ ८५ हजार ९२९ विद्यार्थी सहभागी भएकोमा ३६ हजार ४२० ले ग्रेड प्राप्त गरेका छन् ।

कक्षा १२ को नियमिततर्फ ६९.७५ प्रतिशत आंशिकतर्फ ४२.३८ प्रतिशत र कुल ६४.१३ प्रतिशत विद्यार्थीले सबै विषयमा ग्रेड प्राप्त गरेको बोर्डले जनाएको छ ।गत वैशाख १४ गतेदेखि २७ गतेसम्म सञ्चालन भएको परीक्षा सम्पन्न भएको ३५ दिनमै यस बर्ष नतिजा आएको छ ।

# बर्दिवासको चुरे क्षेत्रमा हिंस्रक...

बाखीलाई घर पछाडिको बाँसको भ्याङतर्फ लगेर अधिकांश भाग खाएको अवस्थामा फेला परेको थियो।

यसअघि सोही क्षेत्रमा तीन दिन अगाडि कृष्णबहादुर मगरको खोरमा पसेर वन्यजन्तुले करिब तीन धार्नी तौलको सुँगुरको पाठा मारेको थियो। स्थानीयका अनुसार बर्दिवास-५ अन्तर्गत चुरे क्षेत्रको टुटेश्वर बरडाँडामा समेत यसअघि गोठबाटै दुईवटा ठूला चौपाया मारिएका थिए।

वडाध्यक्ष कहरमान स्याङ्वाकाअनुसार रातको समयमा गोठभित्र पसेको वन्यजन्तुले प्रेमबहादुर थिङको करिब ५० हजार रुपैयाँ मूल्य बराबरको लैनु गाई मारेको थियो। त्यसको भोलिपल्ट बृजबहादुर थिङको करिब ७५ हजार रुपैयाँ बराबर को बहर गोरु पनि मारिएपछि गाउँमा त्रास फैलिएको उहाँले बताउनुभयो।

स्थानीयले जोखिम बढेपछि रातको समयमा राँको बालेर २४ घण्टा पहरा दिन थालेका छन्। पहराका कारण अहिले बस्ती क्षेत्रमा वन्यजन्तुको आवतजावत कम भएको वडाध्यक्ष स्याङ्वाको भनाइ छ।

स्थानीयवासीले यस क्षेत्रमा सक्रिय वन्यजन्तु पाटेबाघ भएको अनुमान गरेका छन्। यद्यपि, आक्रमण गर्ने जनावर बाघ, चितुवा वा अन्य कुनै हिंस्रक वन्यजन्तु हो भन्ने विषयमा आधिकारिक पुष्टि हुन सकेको छैन। प्रत्यक्ष रूपमा जनावर नदेखिएकाले पहिचान गर्न कठिन भएको स्थानीयले बताएका छन्। घटनास्थलमा देखिएका पदचिन्ह, सिकार गर्ने तरिका र खाने शैलीका आधारमा आक्रमणकारी पाटेबाघ हुनसक्ने स्थानीयको दाबी छ। सामुदायिक वनका पदाधिकारीहरूका अनुसार सिन्धुली सीमासँग जोडिएको महोत्तरीको उत्तरी चुरे क्षेत्रमा समय-समयमा पाटेबाघ देखिने गरेको छ।

बर्दिबास-४ माईस्थानस्थित सशस्त्र वन सुरक्षा शाखाका प्रमुख सुमन श्रेष्ठले पनि चुरे क्षेत्रमा वन्यजन्तु आक्रमणका घटना बढेको पुष्टि गर्नुभएको छ। उहाँका अनुसार सर्लाहीको घारीबथानदेखि महोत्तरीको रातुखोला पश्चिमतर्फको चुरे क्षेत्रमा पछिल्लो समय हिंस्रक वन्यजन्तुको गतिविधि बढेको छ। लगातारका घटनाले चुरे आसपासका बस्तीमा त्रास फैलिएको कारे भोगटे सामुदायिक वनका अध्यक्ष रमेश खत्रीले बताउनुभयो। वन क्षेत्र नजिक रहेका स्थानीयलाई घाँसदाउरा, चरिचरन र दैनिक आवतजावतमा समेत जोखिम बढेको उहाँको भनाइ छ।

वन्यजन्तुको गतिविधि बढेपछि सामुदायिक वन समितिले स्थानीयलाई सतर्कता अपनाउन आग्रह गरेको छ। वन क्षेत्रमा एक्लै नजान, शंकास्पद गतिविधि देखिए तत्काल सम्बन्धित निकायलाई जानकारी गराउन, बालबालिकाको निगरानी गर्न र पशुचौपायालाई सुरक्षित खोरमा राख्न अनुरोध गरिएको छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# माण्डवीले नुहाउँदा पवित्र बनेको माण्डवीगङ्गा र चुरे काछमा त्यो मधेसको कैलाश

- गोपालप्रसाद बराल/रासस



चुरे पहाडी शृङ्खलाको थुम्कोमा अवस्थित टुटेश्वरनाथ महादेव मन्दिर मधेस मात्र नभएर छिमेकी भारतको बिहार राज्यका हिन्दुको पनि आस्था र विश्वासको प्रतीक हो ।

थुम्कोको फेदीमा नदी र खोल्सीहरुमा कलकल बग्ने कञ्चन पानी ।

अनि चुरे काछको पहाडी शृङ्खलामा सिँढी उक्लिदै पुग्नुपर्ने शिवालय । यो परिवेशले नै मान्छेको मन लोभिने र रम्ने ठाउँ बनेको छ ।

महोत्तरी जिल्लाको बर्दिवास नगरपालिका-५ मा अहिलेको टुटेश्वर बस्तीको सिरानमा यो मन्दिर छ। पूर्व-पश्चिम राजमार्गको टुटेश्वर चोकबाट आठ किलोमिटर घना वन क्षेत्र छिचोलेर शिवालय पुगिन्छ।

बर्दिवास मुख्यचोकबाट १६ किलोमिटर दुरी अवस्थित यो ठाउँ धार्मिक पर्यटकीय स्थलका रुपमा चिनिन्छ। माण्डवीगङ्गा नदी किनारमा अवस्थित यो मन्दिर अग्लाअग्ला घना साल वृक्षले घेरिएको पहाडी थुम्कोमा छ।

फेदीबाट सिँढी चढ्दै उक्लनुपर्ने हुँदा यो मन्दिरलाई 'मधेसको कैलास' पनि भन्ने गरिन्छ। प्रत्येक वर्ष साउन महिनाभरि लाखौं श्रद्धालु पुग्ने यो शिवालयलाई कतिपयले 'नेपालको बाबाधाम' पनि भन्ने गर्दछन् ।

भारतको झारखण्ड राज्यको देवघरस्थित वैद्यनाथ धामलाई बोलीचालीमा बाबाधाम भनिन्छ । त्यहाँ पुग्न श्रद्धालु भक्तजन सुल्तानगञ्जबाट गङ्गाको पवित्र जल लिएर तीन-चार दिन लाग्दछ। सुल्तानगञ्जबाट देवघरसम्म देखिने पीतवस्त्रधारी श्रद्धालुको लर्कोकै झलक दिने गरी टुटेश्वरचोकबाट शिवालयसम्मको आठ किलोमिटर दुरीमा 'बोलबम' पुकार्दै दर्शनार्थी देखिन्छन् । यही देखिने दृश्यले टुटेश्वरनाथ महादेवस्थानलाई नेपालको 'बाबाधाम' भनिएको बर्दिवास-५ चेरुका ८० वर्षीय राजन पौडेल बताउँछन् ।

शिवालय स्थापनाको प्राचीन जनश्रुतिले पनि यो मन्दिरको महत्व बढाएको छ । अघि द्वापर युगमा वनवासका बेला अर्जुनलाई भगवान् शिवले यसै ठाउँमा किराँत रुपमा दर्शन दिएर अमोघ मानिने पाशुपतास्त्र दिएका पाकाजन बताउँछन् । "अर्जुनलाई शिवजीले दर्शन दिनुभएको यसै ठाउँमा भन्ने विश्वास गरिन्छ" नेपाल सरकारका पूर्व सहसचिव स्थानीय ७५ वर्षीय वाणिकराज काफ्लेले भने, "यहीँबाटै शिवजीको आशीर्वाद पाएर पाण्डव एक वर्षको गुप्तवासका लागि विराटनगर गएका हामीले मान्यजनबाट सुन्दै आएका हौं ।"

माण्डवीगङ्गा (मडहा), वरुणमती (बेलगाछी) र स्वर्णमती (सोनी) नदीको त्रिवेणी सङ्गम त मन्दिरबाट करिब १८ किलोमिटर दक्षिण छ। शिवालय स्थापनामा महाभारतकालीन जनश्रुति भए पनि यो ठाउँ विदेहराज शिरध्वज जनककै समयदेखि धार्मिकस्थलका रुपमा रहेको पछिल्ला ४० वर्षदेखि माण्डवीगङ्गा , वरुणमती र स्वर्णमती नदीको त्रिवेणी सङ्गमबाट जल लिएर घस्रेर दर्शन गर्दै आएका गौशाला-४ का ७५ वर्षीय अवकाश प्राप्त शिक्षक वासुदेव महतो बताउँछन् ।

"यो प्राचीन विदेह (मिथिला) भूमि हो, राजा जनकका भाइ कुशध्वजकी छोरी माण्डवी आफ्ना साथीहरुका साथ यहाँ विहार गर्न आउँथे" महतो भन्छन्, "माण्डवीले नुहाउने गरेको हुँदा नै नदीको नाम माण्डवीगङ्गा राखिएको रामायणकालीन कथाहरुमा वर्णन पाइन्छ ।"

माण्डवीका सखीहरु स्वर्णमती र वरुणवतीकै नाउँमा पनि पछि नदीका नाउँ बनेका उनको कथन छ।

"यी सबै हामीले आफ्नै बाबु/ बाजेबाट सुनेका कथा हुन्" उनले भने ।

टुटेश्वर, पञ्चधुरा माइस्थान, राइमण्डलधाम नजिकका पुरातात्विक महत्वका धार्मिकस्थल हुन् । यी ठाउँ राजा जनक र उनका विद्वत्सभाका ऋषिमुनिको तपोभूमिको परिचयमा स्थापित रहेको महतोको भनाइ छ ।

विसं २००२ मा डिट्ठा गौरीनारायण गिरीले वन फडानी गरी बस्ती बसाउने क्रममा यहाँ अति प्राचीन शिवलिङ्ग, पत्थर कुँदिएर बनेको बसाहासहित पुरातात्विक महत्वका सामग्री फेला परेका थिए । त्यसयता विभिन्न समयमा श्रद्धालु भक्तजनको सरसहयोगबाट मन्दिर निर्माण भएको छ।

शिवलिङ्ग, बसाहा र अन्य पुरातात्विक महत्वका सामग्रीको अध्ययनबाट यसलाई संस्कृति अध्येताहरुले महाभारतकालीन भनेका छन् । "यहाँको शिवलिङ्ग, बसाहा र अन्य प्राप्त सामग्री महाभार तकालीन नै भएका अहिलेसम्मको अध्ययनले देखाएको छ" जलेश्वर -५ पतैलीका बासिन्दा संस्कृतिविद् तथा मिथिला माहात्म्यका नेपाली अनुवादक ध्रुव राय भन्छन् ।

यस ठाउँलाई धार्मिक पर्यटकीय स्थलका रुपमा विकास गर्न संस्थागत प्रयत्न थालिएको बर्दिवास नगर कार्यपालिकाको कार्यालयको संस्कृति तथा पर्यटन प्रवर्धन समितिका संयोजक हिर लाल गौतमको भनाइ छ।

"यसको धार्मिक महत्व अझ उजागर गर्न पछिल्ला १० वर्षयता प्रयत्न थालिएका छन्, यो ठाउँ केन्द्र, प्रदेश र स्थानीयतहको चासोमा परेको छ" गौतमले भने, "गत आर्थिक वर्ष २०८१/८२ देखि मधेस प्रदेश सरकारले निरन्तर बजेटमै सम्बोधन गरेर यहाँको कामलाई चासो दिएको छ।" यसैगरी बर्दिबास नगरपालिका र केन्द्र सरकारले पनि यस ठाउँको पुरातात्विक महत्वको संरक्षण र सम्वर्द्धनका लागि अभिरुचिपूर्वक चासो लिएको उनको भनाइ छ। यसैबीच, मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेशको कैलास भनिने यस ठाउँको विकासका लागि विस्तृत परियोजना प्रस्ताव नै बनाएर तीनै तहका सरकारको समन्वयमा योजनाबद्ध काम गरिनपर्ने बताएका छन् ।

"यहाँ स्वीकृत ढाँचामा एकद्वार प्रणालीबाट काम गरिन पर्छ, स्थानीय तहले लिने पहलकदमीमा प्रदेश सरकारको साथ सहयोग रहनेछ" मुख्यमन्त्री यादव भन्नुहुन्छ, "यो मधेसको मात्र नभएर मुलुककै धार्मिक आस्थाको केन्द्र हो, यसका लागि केन्द्र सरकार सँग आवश्यक समन्वय प्रदेश सरकारले गर्नेछ ।"

मधेसको कैलास भनिने टुटेश्वरनाथको संरक्षण, सम्वर्द्धन र विकासका लागि यसलाई टुष्टमा लान नगरवासीको सुझाव छ । "यहाँ गरि न पर्ने मुख्य दुई काम छन्" बर्दिबास-५ का पूर्ववडाध्यक्ष दलबहादुर थापा मगर भन्छन्, "पहिलो यस ठाउँको समुचित विकासका लागि दीर्घकालीन योजना निर्माण र दोस्रो साउने मेलाको कुशल व्यवस्थापन हो ।" यी सबै कामको केन्द्रमा यसलाई टुष्टमा लगिन नगर नेतृत्वले तत्काल पहलकदमी लिन पर्ने उनले स्पष्ट पार्नुभयो । थापाजस्तै बर्दिबास-५ स्थित इच्छेश्वर माध्यमिक विद्यालयका शिक्षक युवराज अधिकारी पनि मन्दिरलाई टुष्टमा लान पर्ने बताउँछन् ।

माण्डवीगङ्गा, वरुणमती र स्वर्णमती नदीका माझ अवस्थित यो ठाउँ शिवजीको पुकारा गरिँदा मनोवाञ्छित फल पाइने श्रद्धालुहरुको विश्वास छ । "मैले पछिल्ला ४० वर्षदेखि १८ किलोमिटरको दुरी घस्रदै माण्डवीगङ्गा, वरुणमति र स्वर्णमतिको त्रिवेणीबाट ल्याइएको जल शिवलिङ्गमा चढाउँदै आएको छु, यो दुरी पार गर्न मलाई चार दिन लाग्ने गरेको छ" दण्डीबाबा उपनामले चिनिने र जखोरका वासुदेव महतो भने, "यहाँ शिवजीको पुकार गरेर जसरी दुःख बिसाएँ, उहाँले सबै सुन्नुभएको छ, म सन्तुष्ट छु ।"

पूर्व-पश्चिम राजमार्ग बन्ने बेलामा ठेकदारहरुले माण्डवीगङ्गा, वरुणमति र स्वर्णमतिको नाउँ बिगारेर मडहा, बेलगाछी र सोनी बनाएका उहाँको गुनासो छ । यी नदीहरुको नाउँ विगतको पौराणिक पृष्ठभूमिकै बनाउन नगर नेतृत्वसँग महतोको अनुरोध छ ।

"यो नाउँ मिलाउने त बर्दिबास नगर कार्य समितिकै निर्णयबाटै भइहाल्छ" महतो भने, "यस ठाउँको पौराणिक महत्व उजागर गर्न नदीका नाउँको महत्व हुन्छ, यसबारे नगर नेतृत्वको ध्यान पुगोस् ।"

टुटेश्वरबारे बढेको चौतर्फी चासो यसको विकासमा सहयोगी हुने स्थायीय बासिन्दासमेत रहेका मधेस प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री शारदादेवी थापाको विश्वास छ । "मधेसको कैलास भनिएर पनि यसको चर्चा फैलिएको छ, तीनै तहका सरकार मात्र नभएर सामाजिक तथा धार्मिक संस्थाले पनि चासो बढाएका छन्" थापाले भने, "यो चासोलाई नगरको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिले समुचित समन्वय गर्नुपर्छ ।" यस ठाउँको विकासमा प्रदेश सरकारको निरन्तर साथ रहने थापाको प्रतिबद्धता छ ।

टुटेश्वरमा अहिले विशिष्ट व्यक्तित्वहरुको बाक्लै अवलोकन तथा धार्मिक यात्रा बन्ने गरेको छ । मधेस प्रदेशका पूर्वमुख्यमन्त्रीहरु सतिशकुमार सिंह र सरोजकुमार यादवले कैयौंपटक मन्दिरमा पूजा आराधना गरेर यहाँको विकासबारे चासो राखेका बर्दिबास-५ का वडा अध्यक्ष काहारमान स्याङ्वा सम्झन्छन् ।

यसैगरी, प्रदेश सरकारका मन्त्रीहरु, विभिन्न धार्मिक मठका मठाधीश र वरिष्ठ अधिकारीहरु धार्मिक यात्रामा यहाँ आउनुभएको स्याङ्वा बताउँछन् ।

आफ्नो ठाउँमा विशिष्ट व्यक्तित्वको सघन आगमन र यस ठाउँको संरक्षण/सम्वर्द्धनबारे व्यक्त हुने चासोले टुटेश्वरवासी दङ्ग देखिन्छन् । "ठूलाबडाहरु बाक्लै आउजाउ गर्छन्, अब यहाँका लागि केही होला भन्ने आश बढेको छ" टुटेश्वर बस्तीका यतिराज काफ्लेले भने ।

काफ्लेसँगै यहाँका आम बासिन्दामा अब आफ्नो ठाउँले सकारात्मक फड्को मार्ने विश्वास जागेको छ।

# मानव स्वास्थ्यका लागि नियमित योग आवश्यक छ : मुख्यमन्त्री यादव



**खबर दर्पण समाचारदाता**

**असार ५ गते, बर्दिवास**

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मानव स्वास्थ्यका लागि नियमित योग आवश्यक रहेको बताएका छन् ।

अन्तरराष्ट्रिय योग दिवसको अवसरमा आज बिहान जनकपुर धामस्थित जानकी मन्दिर परिसरमा आयोजित योग कार्यक्रममा उनले योगाभ्यासले मानवलाई स्वस्थ राख्ने भएकाले योग शिक्षा अनिवार्य गर्नुपर्नेमा जोड दिए ।

स्वस्थ्य रहन मानवले दैनिक एक घण्टा योग गर्नुपर्ने बताउँदै मुख्यमन्त्री यादवले कार्यव्यस्तताका बाबजुद मानवले स्वस्थ्य रहन दैनिक योग गर्नुपर्ने धारणा राखे । "स्वास्थ्य महत्वपुर्ण विषय हो", उनले भने, "स्वस्थ रहन योग आवश्यक छ, त्यसैले नियमित योग गरौँ र निरोग रहौँ ।" योग गर्दा स्वस्थसँगै सोच र विचार मा पनि परिवर्तन आउने उनको भनाइ छ ।

मधेस प्रदेशसभाका सभामुख रामअशिष यादवले निरोगी रहन नियमित योगाभ्यास आवश्यक रहेको उल्लेख गर्दै योगाभ्यासको शिक्षालाई समुदायस्तरसम्म फैलाउनुपर्नेमा जोड दिए ।

पर्साको वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावास र पतञ्जली योग समिति मधेस प्रदेश समितिद्वारा आयोजित योगाभ्यास कार्यक्रममा प्रदेश सरकारका मन्त्री, प्रदेशसभाका सदस्य, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार चौधरीलगायतको उपस्थिति थियो ।

# बटेश्वर- चित्रपुरमा तीनदिने आँप महोत्सव सुरु



**खबर दर्पण समाचारदाता**

**असार ५ गते, बर्दिवास**

धनुषाको वटेश्वर गाउँपालिका-१ चित्रपुरमा तीनदिने आँप महोत्सव २०८३ शुक्रबारदेखि सुरु भएको छ ।

स्थानीय स्तरमा उत्पादित आँपको प्रवर्द्धन, बजारीकरण तथा कृषि पर्यटनलाई प्रोत्साहन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो ।

वटेश्वर गाउँपालिका, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना तथा चित्रपुर म्याङ्गो एग्रो टुरिज्म इनिसिएटिभको संयुक्त आयोजनामा सुरु भएको महोत्सवमा विभिन्न जातका आँपका ४० वटा स्टल राखिएका छन् ।

महोत्सवमा बमई, माल्दह, दशहरी, जर्दा, गुलाव खास, आम्रपाली, आम्रमल्लिका, केर्वा, सिपिया, फैजली र सिनुरिया लगायतका लोकप्रिय जातका आँप प्रदर्शनी तथा बिक्रीका लागि राखिएका छन् ।

महोत्सवको उद्घाटन गर्दै मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आँप खेतीलाई व्यवसायिक र प्रतिस्पर्धी बनाउन प्रशोधन उद्योगको विकास आवश्यक रहेको बताए ।

उनले आँपबाट जुस, अचार, पल्पलगायतका विभिन्न उत्पादन तयार गरी स्वदेश तथा विदेशका बजारमा निर्यात गर्न सकिने उल्लेख गर्दै यस क्षेत्रमा उद्योग स्थापना र प्रवर्द्धनका लागि प्रदेश सरकार सहकार्य गर्न तयार रहेको बताए ।

मुख्यमन्त्री यादवले यस्ता महोत्सवले किसान र उपभोक्ताबीच प्रत्यक्ष सम्पर्क स्थापित गर्ने, स्थानीय उत्पादनको प्रचारप्रसार गर्ने तथा कृषकलाई उचित मूल्य प्राप्त गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

चित्रपुर म्याङ्गो एग्रो टुरिज्म इनिसिएटिभका अध्यक्ष प्रदीप महतोको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्यामप्रसाद पटेल, श्रम तथा यातायात मन्त्री शारदा देवी थापा, वटेश्वर गाउँपालिकाका अध्यक्ष रामआशिष महतो तथा विभिन्न क्षेत्रका सरोकारवालाको उपस्थिति रहेको थियो ।

आयोजकका अनुसार महोत्सव अवधिभर आँपको प्रदर्शनी तथा बिक्रीसँगै कृषक, व्यवसायी र उपभोक्ताबीच अन्तरक्रिया कार्यक्रमसमेत सञ्चालन गरिनेछ ।

महोत्सवले धनुषालाई आँप उत्पादनको प्रमुख केन्द्रका रूपमा स्थापित गर्न तथा कृषि पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास गरिएको छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी

044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,